# काठमाडौं, पाटन र भक्तपुर बाहिर
# नेवार बौद्ध संस्कृतिको अवस्था

– केदार शाक्य, काठमाडौं

## पूर्व भूमिका

प्राचीनकालदेखि वर्तमानसम्म नेपालको इतिहास र संस्कृतिको अध्ययन गर्दा कपिलवस्तु गणतन्त्रका शाक्यवंश र यिनै वंशका युगपुरुष भगवान बुद्धको आध्यात्मिक चिन्तनले हाम्रो धर्म संस्कृतिको जग बसेको देखिन्छ। यसले यहाँ मानव सभ्यताकै विकासमा जीवन पद्धतीको रुपमा महत्वपूर्ण स्थान लिएको छ।

शाक्यजनपद कपिलवस्तु इसापूर्व छैटौं शताब्दीमा निकै शक्तिशाली थियो। भगवान बुद्धको वंशसँग विशेष रुपले घनिष्ट नाता जोड्ने इच्छाले कोशल नरेश प्रसेनजीतले कपिलवस्तुका शाक्यहरुकहाँ एउटी कन्या माग्न पठाए। त्यसवेला देखि नै शाक्यहरु आफ्नो वंशका कट्टर पक्षपाती थिए। आपसमा छलफल गरी विचार विमर्शपछि भगवान बुद्धका काकाको छोरा महानाम शाक्यकी नागमुण्डा भन्ने दासीकी पुत्री बासभखत्तियालाई दिने निर्णय शाक्य संघले गरे।

प्रसेनजीत राजाले शाक्य कुलकी छोरी पाएँ भनी अति प्रशन्न भई उनलाई विवाह गरी महिषी बनाए। उनै दासी पुत्रीको कोखबाट जन्मेका राजकुमार विडुडभ कपिलवस्तु बिनाश र बिध्वंशको कारण बन्यो।

भगवान बुद्ध महापरिनिर्वाण हुनुभन्दा अघि करीव इसापूर्व ४९१ अथवा इसापूर्व ४८६ तिर विडुडभले कपिलवस्तु र देवदह (कोलिय) दुई शाक्यगणतन्त्रमा आक्रमण गरी नरसंहार गरे। त्यसैबेला बाँकी रहेका शाक्यहरु कपिलवस्तु र देवदह छाडेर शरणका लागि यताउता बसाइँ सरे। विडुडभको आम संहारको कारण केही शाक्यहरु समूहमा काठमाडौं उपत्यका आए। त्यसमध्ये समूह समूहमा यताउता छरिएका शाक्यहरुले पिप्पलीवन, राजगृह, वैशाली, विदेह आदि ठाउँहरुमा शरण लिए।

यिनीहरुले आफ्नो बुद्धधर्म संस्कृतिलाई आफुहरुसँगै ल्याए। काठमाडौं उपत्यका इसापूर्व १००० - सन् १००-२०० इस्वीसम्म किराँतवंशको बोलबाला थियो। यी नेपालका आदिवासी हुन्। यिनीहरु हिमालय पर्वत श्रृंखलाबाट बिस्तार भएर इरावादी घाटी हुँदै पूर्वदेखि पश्चिम काश्मिर सम्म फैलिएर रहेका छन्। २९ जना किरात राजाहरुले आ-आफ्नो शासन चलाएका थिए। यही समयमा (अर्थात् इसापूर्व छैटौं र पाँचौ शताब्दीमा) कपिलवस्तु र देवदहका शाक्यहरु काठमाडौं उपत्यकामा आइ बसोबास गरेका हुनाले शाक्यहरु नेपालका आदिवासी हुन भन्ने पुष्टी हुन्छ। आनन्द भिक्षु काठमाडौं आउनु हुँदा पनि उहाँसँग शाक्य व्यापारीहरुसाथ रहेका थिए।

करीव पाँचौं शाताब्दी इसापूर्वदेखि काठमाडौं उपत्यकाका किराँतहरुले आफूहरुलाई 'नेपार' भन्न



copyright©Lotus Research Centre, 2008

लागे । यिनै किरातबंशका राजा जितेदस्ती छैटौं वा सातौंका समयमा भगवान बुद्ध छैटौं बर्षावासमा थिए । राहुलसांकृत्यायनका अनुसार यो समय इसापूर्व ५२३ भएको विश्वास गरिन्छ । यस्तै किराँतवंशका १४ औं राजा स्थुंगले यहाँ शासन चलाई रहेका बखत भारतमा सम्राट अशोकको राज्य शासन थियो । सम्राट अशोक नेपाल आउँदा भयभीत भएर किराँत राजा स्थुंगले गोकर्णको जंगलमा एक दुर्भेद्य महल बनाएर बस्न थाले । पाटन नगर उनै अशोकले निर्माण गरेको र चार दिशामा चार युगको प्रतीक चारवटा अशोक चैत्य बनाएको अद्यापी देख्न सकिन्छ । अशोक पुत्री चारुमतीको विवाह देवपालसँग भएको विश्वास गरिन्छ । उनैले बसाएको नगर देवपाटन थियो । चारुमतीले यहाँ बौद्ध विहारको निर्माण गरेर बुद्धधर्म संस्कृतीलाई जनमानसमा फैलाइन् ।

अर्को भनाई अनुसार प्रियदर्शी सम्राट अशोक नेपाल आउँदा कान्तिपुरका किराँती राजा स्थुंगले भव्य स्वागत गरे । बुद्ध धर्म संस्कृतीको प्रचारमा हर प्रकारले सहयोग गरे । यी दुबै भनाइमा अगिल्लो भनाइ त्यति सत्य नभएको देखिन्छ ।  सम्राट अशोक स्वयम्भू दर्शनका पवित्र उद्देश्यले नेपाल आएका थिए । शान्ति र मैत्री चाहने प्रियदर्शी सम्राटसँग किराँत शासकले भयभीत हुनुपर्ने अवस्था देखिदैन । त्यसैले उनले यहाँका किराँत शासकसँग कुनै दुश्मनी लिनु थिएन । तर पाटनमा नगर निर्माण गरी त्यहाँ आफ्ना जुवाइँ देवपाललाई राजा बनाएर जानुको मतलव बुद्ध धर्म संस्कृतीको प्रचारमा बल पुऱ्याउनु हो ।

## शाक्यहरुको देन

नेपालको इतिहास र बुद्ध धर्म संस्कृतीको अध्ययन गर्दाको इतिहास शाक्य जातिको उल्लेख विना बुद्धधर्म र नेपाली संस्कृतीको विकासक्रम पूरा हुन सक्दैन । प्राचीन कपिलवस्तुका शाक्यहरुले त्रिरत्न अर्थात बुद्ध, धर्म र संघको लागि अतुलनीय योगदान गरेका छन् । दुई हजार वर्ष अघि देखि काठमाडौं उपत्यकामा शाक्यहरुको बसोबास रहेको हुँदा बुद्धधर्म संस्कृतीमा यिनीहरुको आफ्नो ठूलो योगदान छ । यसले नेपालकै धर्म संस्कृतीमा अधिराज्यभरी व्यापकता पाएको छ ।

नेपालको धर्म संस्कृती स्थापनामा बुद्ध दर्शन र यसका व्यावहारिक पक्ष आपसमा अत्यन्त सबल रुपमा पाइन्छ । स्वयम्भू महाचैत्य, पगोडा शैलीका देगल, बौद्ध स्तूप, महाबौद्ध र यस्तै अन्य कलात्मक शैलीका कृतिहरुले नेपालको धर्म संस्कृतीलाई भावनात्मक र व्यावहारिक पक्षमा उत्कृष्ट बनाउन प्रेरणादायी भूमिका निर्वाह गरेको छ ।

## शाक्यहरुको पुन: बहिर्गमन

काठमाडौं उपत्यकाको वर्तमान स्वरुपलाई सिंहावलोकन गर्दा इसापूर्व १०००मा किराँत वंशको आधिपत्यदेखि ऐतिहासिक गणना गरिएको पाइन्छ । करिव इसापूर्व पाँचौ शताब्दीमा आएर यिनीहरुले आफूलाई “नेपार” भन्न थाले । इतिहासकारहरुको भनाइ अनुसार पछिगएर ‘र’ लाई ‘ल’ उच्चारण गर्न थालिएपछि “नेपाल” देशको नाम समेत हुनगएको देखिन्छ । शुरु शुरुमा काठमाडौं उपत्यकालाई मात्र नेपाल भन्ने गरिन्थ्यो । सन् १७६८ मा पृथ्वीनारायण शाहबाट काठमाडौं उपत्यका विजय पश्चात नेपालको एकीकरण  भयो । चार भञ्ज्याङ भित्रलाई मात्र नेपाल भन्ने चलन पछिसम्म पनि कायमै थियो ।



copyright©Lotus Research Centre, 2008

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियान पूरा भएपछि अर्थात् सन् १७७० -७१ तिर काठमाडौं उपत्यकाबाट यहाँका नेवार जातिहरु व्यापार तथा रोजगारको सिलसिलामा केही पूर्वतर्फ र कोही पश्चिमतर्फ लागे । साँगा भञ्ज्याङ काटेर पूर्वतर्फ लाग्ने यहाँका नेवार समुदायका शाक्य , वज्राचार्य, वन्देजु, गुभाजु आदि पूर्वी नेपालको भोजपुर र चैनपुरमा गई बसोबास गर्न थाले । स्वेच्छाले तिव्वतको ल्हासामा गई व्यापार व्यवसाय चलाई बस्ने शाक्य, धाख्वा, तुलाधर आदि जातिका मानिसहरुले व्यापार गरी धन सम्पत्ती आर्जन गरे पछि पुन : काठमामाडौं उपत्यकामा नै फर्केर आए । तर पूर्वतिर जाने शाक्य, वज्राचार्य, गुभाजु र वन्देजुहरु चाहि व्यापार व्यवसाय गरी त्यहीं स्थायी बसोबास गर्न थाले । महिनौं दिन लगाएर आवत जावत गर्नुपर्ने भए पनि आफ्नो पुर्खौली थलो खासगरी पाटन र भक्तपुरमा आउने जाने क्रम चलिरह्यो । यसको मुख्य कारण दुईवटा देखिन्छ । पहिलो कारण-यहाँबाट गएका बौद्धहरुको छोराको चूडाकर्म यहीँको महाविहार-बहालमा नै सम्पन्न गर्नुपर्ने संघको नियम अनुसार बाध्यता थियो । दोस्रो कारण व्यापारिक उद्देश्यका वस्तुहरु खरिद बिक्री गर्दा यहाँ आवत जावत भइ रह्यो ।

पश्चिमतिर जाने शाक्य, वज्राचार्यहरुको पनि स्थिति प्रायः उही थियो । पश्चिमतिर जानेहरु पाल्पा-तानसेन र पोखरामा आ-आफ्नो व्यवसाय गरी बसे । यसरी काठमाडौं उपत्यकाबाट बाहिर जाने अर्को एउटा कारण पनि छ – त्यो के भने तत्कालीन शासक रणबहादुर शाहको पालामा एक पटक महामारी फैलियो । शितला रोग लागेका केटाकेटीका बावु आमालाई चार भञ्ज्याङ कटाएर पठाइयो । साँगा भञ्ज्याङ कटाएर पठाइएकाहरु तामाखुशी पारी गएर शरण लिइबसे । तिनीहरु बनेपा, पलान्चोक, दोलखा हुँदै तामाखुशीसम्म पुगे । तर त्यसबेला बाहिर लेखेटिनेहरुमा कुन जातिका बढी थिए भन्ने स्पष्ट छैन ।

## धर्म संस्कृती प्रतिको चाहना

१८ औं शताब्दीमा पूर्वतिर जाने नेवारबौद्धहरुले आफ्नो धर्म संस्कृतीलाई छाडेनन् । उनिहरुले उपत्यका भित्र छँदा अपनाएका सबै विधि व्यवहारहरु निरन्तर रुपमा अद्यापी अपनाई रहेका छन् । यसले गर्दा बुद्धधर्म संस्कृतीको संरक्षणमा ब्यावहारिक बल मिलेको छ ।

काठमाडौं उपत्यकामा बसोबास गर्ने सबै नेवार समुदायका मानिसहरु महायानी-वज्रयानी बुद्धधर्म संस्कृति अन्तर्गत नै आफ्नो विधि व्यवहार गर्ने भएकाले उपत्यका बाहिर जाने सबै बौद्धहरुले यहीँको चलनलाई अँगालेका छन् । प्रायः बौद्धहरुको टोलमा एउटा चैत्य र त्यहाँ रहेका बुद्धलाई नियमित धूप-दीप र फूलले पूजा गर्ने गरिन्छ । बुद्धधर्म संस्कृतिलाई वास्तविक अर्थमा व्यवहारमा उतार्ने अनेक विधि विधानमध्ये चुडाकर्म, जंकु, इही-बाह्रा तथा मृत्यु संस्कारका विधिहरु यथावत छन् । यी मध्ये चूडाकर्म विधि बौद्ध संस्कारको प्रथम र अनिवार्य अंग मानिन्छ ।

## चूडाकर्मको परम्परा

राजकुमार सिद्धार्थले महाभिनिष्क्रमण गरी अनोमा नदी पारी पुगेपछि राजसी आभूषण तथा वस्त्र त्याग गरी स्वयं केश मुंडन गरी प्रवजित भए । सिद्धार्थ बोधिसत्वले यस किसिमले प्रवजित हुनुलाई संभवतः पछिका बौद्धहरुले यसलाई बौद्ध संस्कारका रुपमा ग्रहण गर्न थालेको हुनुपर्दछ । अहिलेका शाक्य, वज्राचार्य, वन्देजु, गुभाजु आदि बौद्धहरुले महाविहार, बाहा, बहिहरुमा १० जना आजुहरुलाई साक्षी राखी विधि



copyright©Lotus Research Centre, 2008

विधानहरु सहित चूडाकर्म गर्ने चलन रहेको हुँदा उपत्यका बाहिर गएका यी बौद्धहरु बि.सं. २००७ साल भन्दा अगाडिसम्म काठमाडौं, पाटन र भक्तपुरमा आएर आ-आफ्ना विहार-बाहालमा चूडाकर्म गरी फर्कन्थे ।

बि.सं. २००८ सालमा आचार्य भिक्षु अमृतानन्दको सक्रियतामा पश्चिमाञ्चलबाट भिक्षु शाक्यानन्द र पूर्वाञ्चलबाट भिक्षु सुवोधानन्द राजदरवार जानुभई श्री ५ त्रिभुवनसित उपत्यका बाहिर पनि चूडाकर्म गर्न पाउने हुकुम प्रमांगी लिनु भएको थियो । यसपछि २०१३ सालमा भोजपुर टक्सारमा श्रीशाक्यमुनि विहारमा र २०१९ सालमा करुणाचैत्य विहारमा चूडाकर्म सम्पन्न हुन थाल्यो । चैनपुर (संखुवासभा) मा वि.सं. २०२०/२०२१ सालदेखि बगैंचा टोलमा रहेको बुद्धचैत्यमा चूडाकर्म हुनथाल्यो । त्यसपछि वि.सं. २०२८ सालमा धरानको स्वयम्भूचैत्य विहारमा चूडाकर्म भएदेखि यताको गणना खास हुन सकेको छैन । अहिले धेरैजसो चूडाकर्म आ-आफ्नो सुविधा अनुसार हुने गरेको छ । पहिले जस्तो विधि विधान पुऱ्याउन उपत्यकामा नै आउनु पर्ने बाध्यता छैन ।

प्रजातन्त्र आउनु भन्दा अघि र पछिको झण्डै एक दशक सम्म आर्थिक विपन्नताका कारण चूडाकर्म नगर्नेहरुलाई जातीय आधारमा हेय दृष्टिले हेरिने गरिन्थ्यो । यसको मुख्य कारण गरीवी थियो । गरीवहरुले महिनौ लगाएर काठमाडौं पाटन आउन जान नसक्ने स्थिति थियो । त्यस्ता परिवारको विहे आदि कार्य चूडा कर्म भइसकेकाहरूसँग नचल्ने र जातबाट हटक्क गर्ने जस्ता सामन्ती प्रथाको प्रभाव र बोलबाला थियो । यो प्रथा पछि बिस्तारै हटेर गयो । चूडाकर्म नगर्नेहरु अबौद्ध हुने र उनिहरु बिस्तारै गैरबौद्ध स्त्रीसँग विवाह गर्न बाध्य हुने र आफ्नो जाति र वंशबाट विमुख हुँदै जानु पर्ने स्थिति थियो । त्यो अद्यापी छँदै छ । चूडाकर्म पद्धति पछि गएर बौद्ध र अबौद्धको सीमा रेखा बन्यो । शाक्यले नेवार समुदाय कै अर्को थरको स्त्रिसित विहेगरी जन्मेका सन्तानको चूडाकर्म बाबुले बौद्ध विधि अनुसार गरिदिने चलन थिएन । त्यसले गर्दा शाक्य वा वज्राचार्य बाबुका सन्तान चूडाकर्म नभए पछि उनिहरु अबौद्ध परम्परा अनुसार ब्रतवन्ध गर्न बाध्य हुने र उनिहरुलाई बौद्ध भन्ने चलन छैन यो चलनलाई वर्तमान परिस्थिति अनुसार पुनः मूल्यांकन गर्नु पर्ने खाँचो छ । शाक्यहरुले यस किसिमको अडान शायद वंशपरम्परा अनुसार कपिलवस्तु जनपद देखि नै लिन थालेको हुन सक्तछ । माथि उल्लेख भए झैं शाक्यहरुको जातीय आडम्बरले गर्दा दासीपुत्रीका सन्तान बिडुडभले बदलाको भावना लिई मच्चाएको आम नरहत्याको कटु स्मरण हुन्छ । तर हाल आएर काठमाडौंका बज्राचार्य गुरुजूहरुबाट त्यस्ता थर फरक भएका आमा बाबुका सन्तानलाई वैलोचन तीर्थस्थलको चैत्यमा चूडाकर्म गरी दिने सह्राहनीय कार्य भएको छ । यस कार्यमा पंडित बद्रीरत्न बज्राचार्य अग्रणी देखिनु भएको छ । वास्तवमा बौद्ध संस्कृती र धर्मको संरक्षणमा शाक्यवंशको ठूलो योगदान रहेकाले शाक्य वा वज्राचार्यले जुनसुकै थरका स्त्रीसँग विहे गरी जन्मेका सन्तानलाई पनि बौद्ध बनाई राख्न उसलाई विधि पूर्वक चूडाकर्म गराई दिनु न्याय संगत हुन्छ । यस किसिमको कार्य पहिले देखि नै भएको भए शायद बौद्धहरुको वास्तविक जनसंख्या थाहा पाउन सजिलो पर्दथ्यो । हाम्रो समाज पितृसत्तात्मक भएकाले वंशचलाउन जुन तरिका अपानाइदै आएको छ त्यसलाई हेर्दा चूडाकर्म विधि अत्यन्त्य महत्वपूर्ण देखिन्छ ।



copyright©Lotus Research Centre, 2008

## चाड पर्व मनाउने चलन

काठमाडौं, पाटन र भक्तपुरबाट बाहिर गएका नेवार समुदायमा चाडपर्व मनाउने प्रचलनका आधारमा मात्र बौद्ध संस्कृतिको पहिचान गर्न कठिन हुन्छ ।

काठमाडौं उपत्यका बाहिरका तुलाधर, ताम्राकार, उदास आदि विभिन्न उपजातिका नामले चिनिनेहरु सबै बौद्ध संस्कृती र संस्कार भित्र छैनन् । यस मध्ये भोजपुर टक्सारकाहरु चाँहि बाबु बाजेले मानिआएको धर्म संकृतीलाई अपानाउनेहरु पनि छन् र उनिहरु बौद्ध धर्म र संस्कृति भित्र छन् । तर धेरै जसो चाँहि बेजाति विहेवारीमा नै रमाउने भएकाले आफ्नो पुर्खोली वंश परम्परा देखि पृथक हुँदै अबौद्ध संस्कार र संस्कृतीको जंजालमा विकृत रुपमा परेका छन् । तर अहिले चाँहि बाबुले जुनसुकै थरकी स्त्रीसँग विहे गरे पनि उनका सन्तानलाई शाक्य वा वज्राचार्य नै भन्ने गरिन्छ । नेपालमा करिव २०० वर्ष अघिको सामन्ती जातिपाती व्यवस्थाको परिणाम अहिले प्रजातन्त्र प्राप्ति पछि फरक हुँदैछ ।

काठमाडौं, पाटन र भक्तपुरबाट पूर्व वा पच्छिमतिर गई बसोबास गर्ने बौद्धहरुले प्रजातन्त्र आउनु अघि र पछिका केही वर्षहरुमा पनि शाक्य समुदायमा नेवार समुदायकै फरक थर भएका स्त्रीसँग विहे पछि जन्मेका छोरा छारीलाई र यहाँ सम्म की श्रीमतीलाई पनि भात भान्छामा फरक गर्ने चलन थियो । स्वयंम पाके भई खाने । चुलोमा उनिहरुलाई नभित्र्याउने । अनि चुलो बाहिर नै उनिहरुलाई भात खुवाउने चलन थियो । त्यस्तो कठोर सामाजिक अवस्थामा चूडाकर्म गरिदिने त प्रश्नै थिएन । अजातका सन्तानलाई आफ्नै भए पनि फरक व्यवहार गर्ने त्यसवेला सामाजिक, अर्धसामन्ती प्रथा थियो । यो प्रसंग यहाँ उल्लेख गर्नुको मुल तात्पर्य काठमाडौं, पाटन र भक्तपुरबाट बाहिर गएका शाक्य वा वज्राचार्यहरुको तत्कालीन यथार्थ चित्रण गर्नु हो । र यहाँबाट बाहिर जाने नेवार बौद्धहरु पनि मुल रुपमा यिनै दुई जातिका नै थिए । अहिले तिनीहरुका सन्तान केही मूल रुपमा र केही चाहिँ उपजातिका रुपमा पूर्वाञ्चलका प्रायः सबै जिल्लाहरु भोजपुर (टक्सार), संखुवासभा (चैनपुर-खाँदवारी), ताप्लेजुङ, मोरङ (विराटनगर, उर्लावारी,), सुनसरी (धरान, झापा, बयरवन, चतरा), इलाममा स्थायी बसोबास तथा व्यवसाय गरी बसेका छन् ।

सरकारी नोकरी तथा अन्य पेशा अपनाउने, बुद्धिजीवी, शिक्षित व्यक्तिहरु हाल पुनः काठमाडौं उपत्यकामा फर्केर स्थायी बसोबास गरि बसेका छन् । चेतनशील बुद्धिजीवी वर्गका नेवार बौद्धहरुले अहिले पनि आफ्नो पुरानो धर्म संस्कृतीलाई थामेर परम्परा अपनाइ आएका छन् ।

त्यसै गरी पश्चिमाञ्चल जाने नेवार बौद्धहरुको पनि अवस्था पूर्वाञ्चलको भन्दा खासै फरक छैन । पश्चिमाञ्चलका प्रमुख स्थानहरुमा नुवाकोट-त्रिशुली, पोखरा, पाल्पा-तानसेन, भैरहवा, बुटवल, नेपालगञ्ज, धनगढी आदि स्थानहरुमा बसोवास गर्ने नेवार बौद्धहरुमा सबैभन्दा बढी व्यवस्थित ढंगबाट आफ्नो धर्म संस्कृतिलाई जीवित राख्नेहरुमा नुवाकोट-त्रिशुली, पाल्पा-तानसेन, पोखरा र बागलुङ्ग नै देखिन्छ ।

### समस्याहरु

- काठमाडौं, पाटन र भक्तपुरबाट बाहिरिने नेवार बौद्धहरुको आफ्नो धर्म संस्कृति बचाई राख्ने मूल समस्या चूडाकर्मको विधि विधान हो ।



copyright©Lotus Research Centre, 2008

- वज्राचार्य गुर्जहरुको अभाव छ, भएका वज्राचार्यहरुमा पनि बौद्ध कर्मकाण्डको ज्ञानको कमी छ।

- बौद्ध धर्म संस्कृतिको संरक्षणमा ह्रास आएको छ।

- काठमाडौं, पाटन र भक्तपुरबाट बाहिरिएका शाक्य, वज्राचार्यहरुका सन्तान जसले बाहिरका विहारहरुमा चूडाकर्म विधि सम्पन्न गरी पुनः यहाँ फर्केर आफ्नो पुर्खौली विहारमा आफ्ना सन्तानलाई चूडाकर्म गर्न दिने वा नदिने मूल समस्या खडा भएको छ। संघ परिवारबाट बाहिर भएपछि संघको नियम, विधि विधानलाई पुनः पालना गर्छु भनी आउनेहरुलाई कुन आधारमा संघमा पुनः प्रवेश गराउने ? यो समस्या समाधान गर्न गंभीर छलफल हुनु पर्दछ।

- नेपालमण्डल भित्रका प्रचलित बौद्ध संस्कृतिले काठमाडौं, ललितपुर र भक्तपुरमा जुन रुपमा निरन्तरता पाएको छ त्यो रुपमा बाहिर छैन। केही सीमित मात्रामा पाईए पनि त्यसको निरन्तरता छैन। नेवार समुदायमा देखापरेको भाषागत व्यवधानले पनि आफ्नो धर्म संस्कृति क्रमशः लोप भएर गएको छ। यति हुँदा हुँदै पनि चेतना र जागृतीको पुनरावृत्ती गर्न सकिएको छैन। यसका लागि आवश्यक ज्ञानको कमी छ।

- कालीगढी, कलाकौशल तथा व्यापार व्यवसायका लागि यहाँबाट बाहिरिएका नेवार बौद्धहरूले आफ्नो पुरानो कालीगढी तथा कलाकौशलको व्यवसाय छाड्दै आएका छन्। अर्थ उपार्जन तथा हातमा भएको शीपलाई समय परिस्थिति अनुसार परिवर्तन गर्दै लैजानु पर्ने भएकाले यिनीहरूले आफ्नो बौद्ध संस्कृति तथा विधि विधानहरूलाई बिर्सदै गएका छन्। जान्ने बुझ्ने बूढा पाकाहरू हराउँदै गएपछि नयाँ पुस्ताले आफ्नो संस्कृतिलाई अंगाल्न नसक्ने परिस्थिति सिर्जना भएको छ।

- संस्कृति संरक्षण गर्न नेवारभाषाको प्रचलनलाई बलदिनु पर्ने देखिन्छ। मातृभाषाको प्रचलन क्रमशः पर्वते भाषामा रुपान्तरित भएपछि आफ्नो संस्कृतिले पनि विस्तारै ठाउँ छाड्दै आएको छ।

## उपसंहार

समय र परिस्थिति अनुसार हाम्रा व्यवहार र कर्मकाण्डहरु प्रतिपादित हुँदै आएका छन्। केवल जातिपातीकै आधारमा मात्र बौद्ध धर्म संस्कृतिलाई अगाडि बढाउन सकिने स्थिति छैन। शाक्य, वज्राचार्य बाहेक अन्य थर भएका नेवार समुदायका बौद्धहरु जो काठमाडौं उपत्यकामा र बाहिर पनि छन्। उनीहरुलाई चूडाकर्म कै आधारमा मात्र बौद्ध भनिदैन। मुलतः बुद्ध, धर्म र संघको वास्तविक अर्थबोध गरी त्यसमा भगवान बुद्धले दिनु भएको उपदेशलाई गहन चिन्तन, मनन, गर्नु पर्ने खाँचो छ।

भगवान बुद्धले जाति पाती र परम्परालाई कहिल्यै पनि प्रश्रय दिनु भएन। सम्पूर्ण मानव जगतको हित र कल्याणमा भगवान बुद्धले दिनु भएको उपदेश र त्यसको पालना नै हाम्रो मूल संस्कृति हो। त्यसमा विकृती ल्याउने र गलत परम्परालाई कायम गर्ने व्यक्ति कहिल्यै पनि बौद्ध कहलिन सक्तैन।



copyright©Lotus Research Centre, 2008

# सन्दर्भ ग्रन्थ सूची


१. The Shakyas of Nepal
- Bhuwan Lal Pradhan

२. बुद्धकालिन ग्रन्थहरु
- आचार्य भिक्षु अमृतानन्द

३. भरतखण्ड और नेपाल
- शेखर सिंह गौतम

४. बौद्ध संस्कृति विषयक
विभिन्न पत्रपत्रिका तथा पुस्तकहरू

५. भिः पुचः प्रकाशक नेपाल भाषा तथा सांस्कृतिक संघ विराटनगर


. . .



copyright©Lotus Research Centre, 2008